# एक वर्षमै १२३५.४२ किमि सडक कालोपत्रे

## देशभर राष्ट्रियस्तरका सडकको लम्बाइ ३४ हजार ७०७ किमि पुगेको छ, त्यसमा कालोपत्रे २० हजार ४३ किमि

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका



गत आर्थिक वर्ष ०८१/८२ मा राष्ट्रियस्तरका सडकतर्फ १२ सय ३५ दशमलव ४२ किलोमिटर सडक कालोपत्रे भएको छ। अघिल्लो आव ०८०/८१ मा देशभर सात सय ५६ किमि सडक कालोपत्रे भएको थियो। गत आवमा भने त्योभन्दा ६३.४१ प्रतिशत धेरै सडक कालोपत्रे भएको सडक विभागबाट प्राप्त तथ्यांकले देखाएको छ।

गत आवमा सरकारले दुई लेनका आठ सय किमि र चार लेनका एक सय ३० किमि गरेर कुल नौ सय ३० किमि सडक कालोपत्रे लक्ष्य राखेको थियो। बिचमै त्यो प्राप्ति भएपछि लक्ष्य बढाएर दुई लेनका एक हजार तीन सय ५८ किमि र चार लेनका एक सय ९३ किमि गरेर कुल १५ सय ५१ किमि सडक कालोपत्रे गर्ने लक्ष्य लिएको थियो। त्यसमा असार मसान्तसम्म दुई लेनका एक हजार ८८ दशमलव ७३ किमि सडक कालोपत्रे भएको छ। चार लेनका भने १४६ दशमलव ६९ किमि सडक कालोपत्रे भएको छ। संशोधित लक्ष्यको ८० प्रतिशतको अनुपातमा सडक कालोपत्रे भएको हो।

### ■ यी हुन् धेरै कालोपत्रे गर्ने सडक परियोजना

सडक विभागको वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमअन्तर्गतका विभिन्न सडकमा १८६.१९ किमि सडक कालोपत्रे भएको छ। निर्वाचन क्षेत्र रणनीतिक सडकतर्फ भने २५६.१४ किमि सडक कालोपत्रे भएको देखिन्छ। यस्तै, हुलाकी राजमार्गमा ९४.२२ किमि, राजमार्ग स्तरोन्नतितर्फ ८७.९० किमि, उत्तर-दक्षिण करिडोर (कर्णाली, कालीगण्डकी र कोशी)मा ८४ किमि र पुष्पलाल राजगर्मामा ६१.८ किमि सडक कालोपत्रे भएको छ।

यस्तै, मदन भण्डारी राजमार्गको (बाहुनडाँगीदेखि रूपालसम्म) ४८.५ किमि, तमोर करिडोरमा ४२ किमि, सासेक सडक सुधार आयोजनामा ३९.८७ किमि, सासेक मुग्लिन-पोखरामा ३३.०६ किमि र सडक सुधार अयोजनामा ३२.३३ किमि सडक कालोपत्रे भएको छ।

तथ्यांकअनुसार क्षेत्रीय व्यापारिक मार्ग विस्तार आयोजनामा २८.१४ किमि, सासेक राजमार्ग सुधार आयोजनामा २२.३२ किमि, औद्योगिक करिडोर विस्तार आयोजनामा २१.०८ किमि, भेरी करिडोरमा २१ किमि, सहिद मार्ग (घोराही-नुवागाउँ-मैकोट)मा १३.१ किमि र खुटिया-दिपायल-उरैभन्ज्याङ राजमार्गमा १३ किमि सडक कालोपत्रे भएको छ। यीबाहेक विभिन्न १५ वटा सडक आयोजनाअन्तर्गत भन्डै ५१ किमि सडक कालोपत्रे भएको छ।

### ■ कुन परियोजनामा कति कालोपत्रे ?

| परियोजना | कालोपत्रे भएको सडक (किमिमा) |
|---|---|
| वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | २८६.१९१ |
| निर्वाचन क्षेत्र रणनीतिक सडक | २५६.१४२ |
| हुलाकी राजमार्ग (पुलहरूसमेत) | ९४.२२ |
| राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम | ८७.९०७ |
| उत्तर-दक्षिण राजमार्ग (कर्णाली, कालीगण्डकी र कोशी) | ८४ |
| पुष्पलाल राजमार्ग | ६१.८ |
| मदन भण्डारी राजमार्ग (बाहुनडाँगीदेखि रूपालसम्म) | ४८.५ |
| तमोर करिडोर | ४२ |
| सासेक सडक सुधार आयोजना | ३९.८७ |
| सासेक मुग्लिन-पोखरा सडक योजना | ३३.०६ |
| सडक सुधार आयोजना | ३२.३३८ |
| क्षेत्रीय व्यापारिक मार्ग विस्तार आयोजना | २८.१४ |
| सासेक राजमार्ग सुधार आयोजना | २२.३२५ |
| औद्योगिक करिडोर (व्यापारिक मार्ग) विस्तार आयोजना | २१.०८ |
| भेरी करिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे धो) | २१ |
| सहिद मार्ग (घोराही-नुवागाउँ-मुसिकोट-मैकोट) | १३.१५ |
| खुटिया-दिपायल-चैनपुर-उरैभन्ज्याङ राजमार्ग | १३ |

*स्रोत : सडक विभाग*

### ■ कसरी बढ्यो कालोपत्रे ?

सडक विभागका प्रवक्ता ई. प्रभातकुमार झाले गत आवमा सडक कालोपत्रे धेरै भएको बताए। 'यसका पछाडि बहुआयामिक कारण छन्। बजेट व्यवस्थापन राम्रो हुँदा पनि धेरै काम गर्न सकियो। यसपालि प्रि-मनसुन पनि धेरै भएन। त्यसले गर्दा आर्थिक वर्षसम्मै सडक कालोपत्रे गर्ने वातावरण बन्यो,' उनले भने, 'ठेक्का व्यवस्थापनमा सुधार आउँदा पनि धेरै काम भएको देखिन्छ।'

### ■ राष्ट्रियस्तरका सडक यस वर्ष ९०८ किमि थप्ने लक्ष्य

असारसम्म देशभर राष्ट्रियस्तरका सडकको लम्बाइ ३४ हजार सात सय सात किमि पुगेको छ। त्यसमा कालोपत्रे सडकको लम्बाइ २० हजार ४३ किमि पुगेको छ। त्यसमा दुई लेनका १९ हजार ४५५.७ किमि र चार लेनका ५८७.६९ किमि रहेका छन्। सडक विभागले चालू आवमा कालोपत्रे सडकको लम्बाइ ९०८.५ किमि थप गर्ने लक्ष्य लिएको छ। त्यसमा दुई लेनतर्फ आठ सय किमि र चार लेनतर्फ १०८.५ किमि सडक कालोपत्रे गर्ने लक्ष्य लिएको छ। त्यो लक्ष्य प्राप्ति भएमा दुई लेनतर्फ २० हजार २५५.७ किमि र चार लेनतर्फ ६९६.१९ किमि गरेर कुल ९० हजार नौ सय ५२ किमि सडक कालोपत्रे भएका हुनेछन्। अहिले राष्ट्रियतर्फ १४ हजार ६ सय ६४ किमि सडक कालोपत्रे गर्न बाँकी छ।

### ■ ११८ पुल निर्माण, चालू आवमा १६२ वटा बनाउने लक्ष्य

गत आवमा सडक विभागले एक सय १८ वटा पक्की पुल बनाएको छ। गत आवमा सरकारले एक सय ५० वटा पक्की पुल बनाउने लक्ष्य लिएको थियो। त्यसमा एक सय १८ वटा पुल निर्माण भएको सडक विभागबाट प्राप्त तथ्यांकले देखाएको छ, जुन लक्ष्यको ७८.६७ प्रतिशत हो। अघिल्लो आव ०८०/८१ मा भने दुई सय दुईवटा पुल निर्माण भएका थिए। विभागको तथ्यांकअनुसार अहिले राष्ट्रियस्तरका राजमार्गमा तीन हजार पाँच सय ३७ वटा मोटरेबल पुल बनेका छन्। चालू आवमा भने एक सय ६२ वटा पुल बनाउने लक्ष्य लिएको छ। त्यो पूरा भएमा देशभर यस्तो पुलको संख्या ३६ सय ९९ वटा पुग्नेछ।

### ■ ३०१ किमि नयाँ सडक निर्माण

गत आवमा विभागले देशभर तीन सय एक नयाँ ट्र्याक (सडक) निर्माण गरेको छ। गत आवमा विभागले सुरुमा एक सय ५० किमि नयाँ ट्र्याक खोल्ने लक्ष्य लिएको थियो। त्यो पूरा भएपछि विभागले लक्ष्य बढाएर तीन सय ५७ किमि पुऱ्याएको थियो। त्यसमा तीन सय एक किमि नयाँ ट्र्याक स्थापना भएको हो। असार ०८१ सम्म राष्ट्रियस्तरका सडक ३४ हजार चार सय ६ किमि थियो। गत आवमा तीन सय एक किमि थपिएसँगै त्यो ३४ हजार सात सय सात किमि पुगेको छ।

### कुन वर्ष कति सडक कालोपत्रे ?

| | |
|---|---|
| ०७१/७२ | ६०१ किमि |
| ०७२/७३ | २६४ किमि |
| ०७३/७४ | ६३० किमि |
| ०७४/७५ | ९०४ किमि |
| ०७५/७६ | ९८८ किमि |
| ०७६/७७ | १०८१ किमि |
| ०७७/७८ | ६४० किमि |
| ०७८/७९ | ६१८ किमि |
| ०७९/८० | ८२० किमि |
| ०८०/८१ | ७५६ किमि |
| ०८१/८२ | १२३५ किमि |

### कुन वर्ष कति पुल बन्यो ? (संख्यामा)

| | |
|---|---|
| ०७१/७२ | ७२ |
| ०७२/७३ | ६३ |
| ०७३/७४ | ७२ |
| ०७४/७५ | ८२ |
| ०७५/७६ | २३० |
| ०७६/७७ | २१० |
| ०७७/७८ | १९२ |
| ०७८/७९ | २८२ |
| ०७९/८० | २२२ |
| ०८०/८१ | २०२ |
| ०८१/८२ | ११८ |

### कुन वर्ष कति नयाँ सडक निर्माण ?

| | |
|---|---|
| ०७१/७२ | ६४८ किमि |
| ०७२/७३ | ६३९ किमि |
| ०७३/७४ | ८०९ किमि |
| ०७४/७५ | ९७१ किमि |
| ०७५/७६ | ४४० किमि |
| ०७६/७७ | ३६५ किमि |
| ०७७/७८ | १३७ किमि |
| ०७८/७९ | २८० किमि |
| ०७९/८० | २४३ किमि |
| ०८०/८१ | १६७ किमि |
| ०८१/८२ | ३०१ किमि |

*स्रोत : सडक विभाग*

१५ सय कन्टेनर अड्किए चिनियाँ क्षेत्रमा

# दसैंको सामान बोकेका कन्टेनर लोमान्थाङ नाकाबाट ल्याउने तयारी



सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

रसुवा र तातोपानी नाका अवरुद्ध भएपछि दसैं, तिहार र जाडो महिनाका लागि ल्याइएका फलफूल र कपडाका १५ सयभन्दा बढी कन्टेनर चिनियाँ क्षेत्रमा अड्किएका छन्। सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतका अनुसार रेडिमेड, इलेक्ट्रोनिक्स, हाइड्रोका सामान बोकेका कन्टेनर खासा, न्यालम, केरुङ, दिङ्री र ल्हासामा अड्किएका छन्। 'चिनियाँ क्षेत्रमा रहेका ट्रान्सपोर्ट कम्पनीहरूसँग समन्वय गरेर सूचना संकलन गर्दा १५ सय कन्टेनर सामान रहेको थाहा भयो,' बस्नेतले भने। दसैंका लागि भनेर ल्याइएका रेडिमेड र फलफूल बोकेका चार सय कन्टेनर सामान खासा र न्यालम क्षेत्रमा रहेको उनले बताए। मितेरीपुलबाट भरियाले बोकेर झन्डै ४० कन्टेनर फलफूल भन्सार ल्याइएको तथा केही कन्टेनर रेडिमेड सामान पनि भरियामार्फत तातोपानी भन्सार ल्याइएको उनले जानकारी दिए।

तातोपानी कोदारी क्षेत्रमा झरेको पहिरो पन्छाउने प्रयत्न सफल नभएपछि नजिक आएको चाडपर्वले हतारिएका व्यापारीहरू मुस्ताङको लोमान्थाङ नाकामा केन्द्रित हुन थालेका छन्। चिनियाँ क्षेत्रमा क्यारिङ गर्दै आएको स्टार कस्टम क्लियरेन्स एजेन्टले दुई महिनादेखि अड्किएका कन्टेनर लोमान्थाङ लाने तयारी गरेको चिनियाँ कम्पनी आडो ट्रान्सपोर्टले जानकारी दिएको छ।

केरुङ, न्यालम, दिंग्रीलगायतमा अड्किएर बसेका कन्टेनर तिब्बत क्षेत्रको सागा भन्ने बाटोबाट लगभग एक हजार किलोमिटर दूरी पार गरेर मुस्ताङको लोमान्थाङ (कोरोला) पुऱ्याउने योजना बनाइएको छ। रसुवा नाकामा बेलिब्रिज तयार हुन अझै २० दिन लाग्ने र तातोपानी नाका कोदारी क्षेत्रमा डेढ महिनादेखि पहिरोले सडक अवरुद्ध भएकाले चाडपर्वलक्षित रेडिमेड सामान कोरोलाबाट ल्याउने तयारी गरिएको हो। यद्यपि, यो नाका धेरै टाढा छ। ढुवानी भाडाका कारण मूल्यवृद्धि हुन्छ। '४२ सय मिटर उचाइमा रहेको कोरोला नाकाबाट सामान ल्याउन सहज छैन,' बस्नेतले भने, 'कोदारीको एउटा सानो पहिरो पनि पन्छाउन सरकारले राम्ररी चासो दिएन।'

तातोपानी भन्सारका सूचना अधिकृत रमेशबहादुर शाहका अनुसार पहिरोले अरनिको सडक बन्द भएकाले चाडपर्वलक्षित सामान व्यापारीको चाहनामुताबिक जुन नाकाबाट पनि ल्याउन खुला रहेको छ। कोदारीको इको क्षेत्रको पहिरो पन्छाउन धेरै समस्या भएको सडक डिभिजन कार्यालय चरिकोटले जनाएको छ।

### कोदारी सडकको ठेक्का सम्झौता नहुँदा तातोपानी नाकालाई असर

अरनिको राजमार्गअन्तर्गत बाह्रबिसेदेखि लिपिङसम्म २६ किलोमिटर कोदारी सडकखण्ड निर्माणको ठेक्का सम्झौता हुन नसक्दा तातोपानी नाकालाई ठुलो असर गरेको छ। सडक डिभिजन कार्यालय चरिकोटले ठेक्का खुला गरेको पाँच महिना बितिसक्दा पनि कुनै निर्माण कम्पनीसँग सम्झौता गर्न सकेको छैन।

बाह्रबिसे-लिपिङ २६ किलोमिटर सडक पुनर्निर्माणका लागि सरकारले करिब एक अर्ब ७५ करोड ८० लाख विनियोजन गरेको छ। १५ चैत ०८१ मा ठेक्का खुलेको सूचना प्रकाशन गरेको सडक डिभिजनले ३ असारमा सूचना प्रकाशित गरेर पाँच निर्माण कम्पनी प्राविधिक मूल्यांकनमा उत्तीर्ण भएको विवरण सार्वजनिक गरेको थियो।

ढुकुचु कमलजित सोवर्ण जेभी, रमन त्रिवेणी जेभी, मृत सञ्जीवनी गल्वा जेभी, लामा कन्स्ट्रक्सन कम्पनी र महादेव खिम्ती नाना जेभीको नाम सार्वजनिक गरेर आर्थिक प्रस्तावका लागि असार १० र असार १७ सम्मको म्याद राखेर सूचना प्रकाशित गरेको थियो। आर्थिक प्रस्ताव खुलेको लामो समय बित्दा पनि ठेक्का सम्झौता भएन।






# नेपाल बिमा प्राधिकरणको अध्यक्ष बन्न १४ जनाको आवेदन

**नयाँ पत्रिका**

नेपाल बिमा प्राधिकरणको अध्यक्ष बन्नका लागि १४ जनाले आवेदन दिएका छन्। ९ भदौको मन्त्रिपरिषद्ले आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीको संयोजकत्वमा गठन गरेको सिफारिस समितिले १४ भदौमा सात दिनको म्याद राखेर प्रस्ताव आह्वान गरेको थियो। त्यसमा अन्तिम दिन शुक्रबारसम्म १४ जनाले प्रस्ताव पेस गरेको अर्थ मन्त्रालयले जानकारी दिएको छ।

त्यसमा घनश्याम बुढाथोकी (ललितपुर), विक्रान्त पाण्डे (काठमाडौं), पारस काफ्ले (भक्तपुर), विष्णुबाबु मिश्र (काठमाडौं), बुद्धकाजी श्रेष्ठ (काठमाडौं), डा. दामोदर बसौला (कास्की) र चिन्तामणि शिवाकोटी (काठमाडौं)ले प्रस्ताव दिएका छन्।




यस्तै, ज्ञानेन्द्र अधिकारी (झापा), देवकुमार ढकाल (मोरङ), प्राडा दीपकबहादुर भण्डारी (लम्जुङ), डा. राजेन्द्र पण्डित (काठमाडौं), यज्ञप्रसाद कोइराला (दाङ), रमेशकुमार भट्टराई (भक्तपुर) र महेश्वर न्यौपाने (भक्तपुर)ले आवेदन दिएका छन्।

सिफारिस समितिमा आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी छन् भने सदस्यमा अर्थसचिव घनश्याम उपाध्याय र विज्ञ सदस्यमा डा. खोमराज खरेल छन्। उनीहरूले अब प्राप्त आवेदनबाट तोकिएको मापदण्डका आधारमा पाँचजनाको नाम सर्टलिस्ट गर्नेछन्। समितिले छनोटमा परेका पाँचजनाको व्यावसायिक योजनासहित अन्तर्वार्ता लिनेछ। त्यसका आधारमा तीनजनाको नाम छनोट गरेर नियुक्तका लागि मन्त्रिपरिषद्मा सिफारिस गरिनेछ। त्यसका आधारमा मन्त्रिपरिषद्ले कुनै एकजनालाई प्राधिकरणको अध्यक्षलाई नियुक्ति गर्नेछ, जसको कार्यकाल चार वर्षको हुनेछ।

यसअघि १२ फागुनमा प्राधिकरणका अध्यक्ष नियुक्ति भएका शरद ओझाको योग्यता र कार्यक्षमता नपुगेको देखिएपछि सरकारले २ भदौमा उनलाई बर्खास्त गरेको थियो। त्यसपछि अध्यक्षको जिम्मेवारी अर्थ मन्त्रालयका सहसचिव सेवन्तक पोखरेललाई दिइएको छ। साथै, नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया पनि अघि बढाइएको छ।

# भट्टराईको नेतृत्वमा सेजनको नयाँ कार्यसमिति



**काठमाडौं**/ आर्थिक पत्रकारहरूको छाता संगठन आर्थिक पत्रकार समाज (सेजन)को अध्यक्षमा भागवत भट्टराई निर्वाचित भएका छन्। शनिबार सम्पन्न निर्वाचनमा भट्टराई ११० मतसहित अध्यक्ष चुनिएका हुन्। उनका प्रतिद्वन्द्वीद्वय विश्वास रेग्मीले ९२ र आशा थपलियाले ४१ मत पाएका थिए।

त्यसैगरी, उपाध्यक्षमा जीवनकुमार बस्नेत यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् भने महासचिवमा कमल बस्नेत चुनिएका थिए। बस्नेत एक सय ३९ मतसहित चुनिँदा उनका प्रतिद्वन्द्वी अच्युत पुरीले कुल एक सय चार मत ल्याए। साथै, सचिवमा शंकर पण्डित निर्विरोध निर्वाचित भए। एक सय ३३ मतसहित कोषाध्यक्षमा केशु लामिछाने विजयी हुँदा उनकी प्रतिद्वन्द्वी ममता थापाले १०८ मत ल्याइन्। सदस्यहरूमा अर्जुन तामाङ, कमल धिताल, भोजराज भण्डारी, राजु बाँस्कोटा र सीमा तामाङ विजयी भएका छन्।


**Shivasatakshi Municipality**
**Office Of The Municipal Executive**
**Koshi Province, Jhapa**

**Invitation for online Bids**

Date of Publication : **2082/05/22(07-Sep-2025)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Doc Fee | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|
| 04/SM/NCB/ Med/2082/083 | Supply and Delivery of Medicine And Surgical Items | Nrs 3000 | 90 Days After Bid opening | Nrs 1,85,000 | 30 Days beyond the Validity of Bid | 07-Oct-2025 12: 00 Hours | 07-Oct-2025 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**
**Name of the Bank** : Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch
**Name of Office** : Shivasatakshi Municipality
Office Account no. : **29601400000017**

If Bidder wishes to submit the Cash Security, the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**CHIEF ADMINISTRATIVE OFFICER**


# अमेरिकाले भारतलाई लगाएको करको असर नेपालमा पनि देखियो

## 'भारतबाट लगानी फिर्ता सुरु भएपछि नेपालमा डलरको मूल्यमा रेकर्ड ब्रेक'

**नयाँ पत्रिका**

नेपाली बजारमा अमेरिकी डलरको मूल्यले रेकर्ड ब्रेक गरेको छ। नेपाल राष्ट्र बैंकले शनिबारका लागि एक डलरको खरिद मूल्य १४०.९३ रुपैयाँ र बिक्री मूल्य १४१.५३ रुपैयाँ तोकेको छ, जुन हालसम्मकै उच्च हो। यसअघि १४ भदौमा डलरको खरिद मूल्य १४०.८२ रुपैयाँ र बिक्री मूल्य १४१.४२ रुपैयाँ थियो। त्यसपछि घटेको डलरको मूल्य शनिबार पुनः बढेर नयाँ विन्दुमा पुगेको हो।

अहिले अमेरिकाले भारतीय वस्तुको आयातमा लाग्ने करको दर बढाएर ५० प्रतिशत पुऱ्याएको छ। अमेरिकाले गत २७ अगस्ट (११ भदौ)देखि भारतबाट आयात हुने वस्तुमा ५० प्रतिशत ट्यारिफ लगाउन सुरु गरेको छ। त्यसअघि अगस्ट १ देखि २५ प्रतिशत कर लगाइरहेको थियो। अहिले त्यो थप बढाएर ५० प्रतिशत पुऱ्याइएको छ।

भारतको वैदेशिक व्यापारमा अमेरिकाको महत्त्वपूर्ण हिस्सा छ। त्यो अवस्थामा अमेरिकाले कर बढाएपछि भारतको अमेरिकासँगको व्यापार प्रभावित जोखिम बढेको छ। त्यसपछि अहिले भारतमा भएको विदेशी लगानी फिर्ता भइरहेको छ। सोही कारण भारतमा डलरको मूल्य बढ्न गई नेपालमा पनि बढेको राष्ट्र बैंकका अधिकारीहरू बताउँछन्।

नेपाली मुद्रा भारतीय मुद्रासँग पेग (विनिमयदर स्थिर) छ। त्यो अवस्थामा भारतमा डलरको मूल्य बढ्दा नेपालमा बढ्ने र भारतमा घट्दा नेपालमा पनि घट्ने हुन्छ। अहिले भारतमा डलरको मूल्य बढेपछि नेपालमा पनि यसको मूल्य स्वतः बढेको हो। डलरको मूल्य बढ्नु भनेको भारतीय र नेपाली मुद्रा कमजोर हुनु पनि हो।

### ■ एक डलरको मूल्य कुन दिन कति ? (नेपाली रुपैयाँ)

| दिन | खरिद मूल्य | बिक्री मूल्य |
|---|---|---|
| भदौ १४ | १४०.८२ | १४१.४२ |
| भदौ १५ | १४०.८२ | १४१.४२ |
| भदौ १६ | १४०.८२ | १४१.४२ |
| भदौ १७ | १४०.८२ | १४१.४२ |
| भदौ १८ | १४०.७६ | १४१.३६ |
| भदौ १९ | १४०.६२ | १४१.२२ |
| भदौ २० | १४०.७४ | १४१.३४ |
| भदौ २१ | १४०.९३ | १४१.५३ |

*स्रोत : नेपाल राष्ट्र बैंक*

नेपाल राष्ट्र बैंकको विदेशी मुद्रा व्यवस्थापन विभागका प्रमुख तथा कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले भारतमा डलरको मूल्य बढ्दा नेपालमा पनि स्वतः बढ्न गएको बताए।

'नेपाली मुद्रा भारतीय मुद्रासँग पेग छ। भारतमा मूल्य बढेपछि नेपालमा पनि बढ्छ,' उनले भने, 'अमेरिकाले भारतबाट आयात हुने वस्तुमा ५० प्रतिशत कर लगाउन सुरु गरेको छ। त्यसपछि भारतबाट क्यापिटल फ्लाइट (लगानी फिर्ता) हुन सुरु गरेपछि डलरको माग बढेको छ। त्यसले गर्दा भारतमा डलरको मूल्य बढेको छ। त्यसपछि नेपालमा पनि स्वतः यसको मूल्य बढेको हो।'

डलरको मूल्य बढेपछि विदेशी मुद्रामा हुने आम्दानी बढ्नेछ। तर, आयात भने महँगो हुनेछ। यसैगरी नेपालले तिर्ने वैदेशिक ऋण पनि महँगो हुनेछ। त्यसले गर्दा डलरको मूल्य बढेको अवस्थामा वैदेशिक ऋणको दायित्व पनि महँगो पर्नेछ।